# नगर कार्यपालिकाको कार्यालय
## मुसिकोट रुकुम (पश्चिम)
## कर्णाली प्रदेश नेपाल

phone: 088530261,9857826333
website:musikotmunrukum.gov.np
email: ito.musikotmun@gmail.com
email: info@musikotmun.gov.np


## एम्बुलेन्स खरिद सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

### (दोस्रो पटक प्रकाशित मिति : २०७५/०८/०४ गते)

१. यस कार्यालयलाई आवश्यक पर्ने Ambulance सप्लाई गर्न ईच्छुक उत्पादक कम्पनीको नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) ले मात्र देहाय बमोजिमका शर्तहरुको अधिनमा रहि रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

२. सूचना प्रकाशित भएको मितिदेखी दरभाउपत्रको हकमा १५ औं दिनको कार्यालय समयभित्र दरभाउपत्रदाताले अध्यावधिक गरेको फर्म, कम्पनी वा संस्था दर्ताको प्रमाणपत्र, व्यवसाय दर्ताको ईजाजतपत्र, मूल्य अभिवृध्दि कर (VAT) मा दर्ताको प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) को प्रमाणपत्र, आ. व. २०७४/०७५ सम्मको कर चुक्ता गरेको प्रमाणपत्र वा आ. व. २०७४/०७५ को कर/आय विवरण पेश गरेको प्रमाणपत्र, उत्पादक कम्पनीबाट नेपालमा रहेको आधिकारीक बिक्रेता (Importer) लाई साथै स्थानिय बिक्रेता (Authorized Dealer) को हकमा आधिकारीक बिक्रेता (Importer) बाट यस कार्यालयमा दरभाउपत्र खरिद तथा दाखिला गर्न अधिकार प्रत्यायोजन गरेको Manufacturer's Authorization Letter (तोकिएको ढाँचा अनुसार) का प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपीहरु निवेदन साथ पेश गरि नियमानुसार लाग्ने राजस्व दस्तुर यस कार्यालयको नगर कार्यपालिकाको नाममा नेपाल बैंक लिमिटेड शाखा कार्यालय रुकुम पश्चिममा रहेको धरौटी खता नं. ग-३,०७७००३००००००००३००००००८ मा दाखिला गरेको (फिर्ता नहुने) सक्कल भौचर बुझाई दरभाउपत्र फारम यस कार्यालयबाट उपलब्ध गराईने छ ।

३. खरिद गरिएका दरभाउपत्र फारमहरुको महलहरु दरभाउपत्रदाताले स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरि सूचना प्रकाशित भएको मितिदेखी दरभाउपत्रको हकमा १६ औं दिनको १२:०० यस कार्यालयमा उपस्थित भई दरभाउपत्र दर्ता गरिसक्नु पर्नेछ ।

४. दरभाउपत्र दाखिला गर्दा जमानत वापतको रकम यस कार्यालयको नगर कार्यपालिकाको नाममा नेपाल बैंक लिमिटेड शाखा कार्यालय रुकुम पश्चिममा रहेको धरौटी खता नं. ग-३,०७७००३००००००००३००००००८ मा दाखिला गरेको सक्कल बैंक भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको दरभाउपत्रको हकमा कम्तिमा ७५ दिन म्याद भएको बैंक जमानीपत्र (Unconditional Bid Bond) दरभाउपत्र साथ पेश गर्नुपर्नेछ । यसरी पेश गरिने जमानत

वापतको बैंक भौचर, रसिद वा बैंक जमानीपत्र यो सूचना प्रकाशित भएको मिति पछीको हुनुपर्नेछ । बैंक जमानीपत्रको म्याद दरभाउपत्र दाखिला गर्ने अन्तिम मितिदेखी हुनुपर्नेछ ।

५. दर्ता हुन आएका सिलबन्दी दरभाउपत्र फारमहरु यस कार्यालयमा दरभाउपत्र दाखिला गर्ने अन्तिम दिन दिउँसो १:०० बजे दरभाउपत्रदाताहरु वा निजको प्रतिनिधिहरुको रोहवरमा खोलिने छ तर दरभाउपत्रदाताहरु तथा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र फारम खरिद गर्ने तथा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछी कार्यालय खुलेको दिन सोही समयमा हुनेछन् ।

६. रित नपुगेका र म्याद नाघि आएका दरभाउपत्र उपर कुनै कार्यवाही गरिने छैन ।

७. दर्ता हुन आएका दरभाउपत्रहरु स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सूरक्षित रहने छ ।

८. दरभाउपत्र सम्बन्धी अन्य शर्तहरु दरभाउपत्र फारममा उल्लेख गरे बमोजिम हुनेछन् ।

९. अन्य कार्यविधिहरु सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संसोधन समेत) अनुसार साथै नेपाल सरकारका अन्य प्रचलित कानून बमोजिम हुनेछन् ।

१०. अन्य थप केही कुरा बुझ्नु परेमा यस कार्यालयमा कार्यालय समयभित्र सम्पर्क नं. ०८८५३०२६१/ ९८४७९१२५१२/ ९८५७८२६३३३ मा सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | आवश्यक मालसामान | विवरण | आवश्यक संख्या | फारम दस्तुर रु. | जमानत रकम |
|---|---|---|---|---|---|
| MSM/SQ/ GOODS/01/ 2075/076 | Ambulance | RHD/4WD Hardtop Jeep type Vehicle, Engine Max. Power output not less than 60 BHP & Max. Torque Not less than 110 Nm@ governed rpm. Ground Clearance Minimum 180 mm. Others are as per approved technical specification. | थान १ (एक) | १,०००/- (दरभाउपत्र) | कबोल अंकको कम्तिमा २.५० प्रतिशत |

...............
माधव प्रसाद शर्मा
प्रमुख प्रशासकिय अधिकृत